# नेपालको सन्दर्भमा प्रयुक्त बहुभाषिक कक्षा शिक्षण सम्भाव्यताको अध्ययन

# Feasibility Study of Multilingual Class Teaching in Neplese Contex

दावा शेर्पा[१]

[१]सहप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
महेन्द्ररत्न क्याम्पस, ताहाचल
काठमाडौँ, नेपाल
**Email:**
dawa.sherpa@mcr.tu.edu.np

प्रकाशन : २०८१ जेठ
Publish: 2024 May
**Doi:**
https://doi.org/10.3126/bns.v27i1.66453

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2024 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

प्रस्तुत लेख उद्देश्यमूलक गुणात्मक अध्ययन ढाँचामा तयार गरिएको छ । भाषा प्रयोक्ताका दृष्टिले नेपाल बहुभाषिक राष्ट्र हो । नेपालमा बोलिने १२४ वटा मातृभाषामध्ये एक लाखभन्दा बढी वक्ताहरूले बोल्ने एक्काइसवटा भाषाहरूमा कोशी प्रदेशका १०९ मातृभाषीमा क्रमश : नेपाली, मैथिली र लिम्बू, मदेस प्रदेशका ६२ मातृभाषीमा मैथिली, भोजपुरी र बज्जिका, बागमती प्रदेशका १०९ मातृभाषीमा नेपाली, तामाङ र नेपाल भाषा, गण्डकी प्रदेशका ७४ मातृभाषीमा क्रमशः नेपाली, मगर र गुरुङ, लुम्बिनी प्रदेशका ६८ मातृभाषीमा नेपाली, अवधि र थारू, कर्णाली प्रदेशका ४९ मातृभाषीमा नेपाली, खस र मगर र सुदूरपश्चिम प्रदेशका ७४ मातृभाषीमा नेपाली, डोटेली र थारू मातृभाषी वक्ताहरू पाइएका छन् । कोशी प्रदेशका १०५ दोस्रो भाषीमा नेपाली, मैथिली र बान्तवा, मदेस प्रदेशका ६८ दोस्रो भाषीमा नेपाली, मैथिली र भोजपुरी, बागमती प्रदेशका १०० दोस्रो भाषीमा नेपाली, तामाङ र नेपाल भाषा, गण्डकी प्रदेशका ७२ दोस्रो भाषीमा क्रमशः नेपाली, तामाङ र मगर, लुम्बिनी प्रदेशका ६४ दोस्रो भाषीमा नेपाली, अवधि र थारू कर्णाली प्रदेशका ३८ दोस्रो भाषीमा नेपाली, मगर र उर्दू र सुदूरपश्चिम प्रदेशका ५० दोस्रो भाषीमा नेपाली, डोटेली र थारू दोस्रो भाषी वक्ताहरू पाइएका छन् । बहुभाषिक कक्षाका शिक्षणका लागि मैथिली, भोजपुरी, अवधी, लिम्बू, मगर र नेवारी मातृभाषीका कक्षा १ देखि १२ सम्मका पाठ्यक्रम तयार भएका छन् । यी मातृभाषी र दोस्रो भाषी वक्ताहरूले प्रदेशगत रूपमा आफ्नो मातृभाषा र दोस्रो भाषा नेपाली तथा उच्च शिक्षा अध्ययनको माध्यम अङ्ग्रेजी भाषासमेतको गर्दा नेपालको भाषानीति बहुभाषिक हुनु आवश्यक छ ।

***शब्दकुञ्जी*** : अभिप्रेरणा, पहिलो भाषा, दोस्रो भाषा, शिक्षा निरपेक्ष, शिक्षा सापेक्ष बहुभाषिकता

## Abstract

The present article has been prepared in a purposive qualitative study design. Nepal is a multilingual country in terms of language users. Of the

**How to cite this article (APA)**

**English :** Sherpa, D. (2024). Feasibility Study of Multilingual Class Teaching in Neplese Contex. *Bikashko Nimti Shiksha. 27*(1), 91-102. https://doi.org/10.3126/bns.v27i1.66453

**नेपाली :** शेर्पा, दावा (२०८१), नेपालका सन्दर्भमा प्रयुक्त बहुभाषिक कक्षा शिक्षण सम्भाव्यताको अध्ययन, *विकासको निम्ति शिक्षा, २७*(१), ९१-१०२ । https://doi.org/10.3126/bns.v27i1.66453

124 mother tongues spoken in Nepal, twenty-one languages are spoken by more than one lakh speakers. Among the 109 mother tongues spoken in Kosi Province, Nepali, Maithili and Limbu are the languages spoken by more than one lakh speakers; among the 62 mother tongues spoken in Madhes Province, the languages spoken by more than one lakh speakers are Maithili, Bhojpuri and Bajjika. Similarly, among 109 languages spoken in Bagmati Province Nepali, Tamang, and Nepal Bhasa; among 74 mother tongues spoken in Gandaki Province, Nepali, Magar, and Gurung; among 68 mother tongues spoken in Lumbini Province, Nepali, and Tharu; out of 49 mother tongues spoken in Karnali Province, Nepali; Khas and Magar; and out of 74 mother tongues spoken in Sudurpashchim Province, Nepali, Doteli and Tharu are the languages spoken by more than one lakh speakers. Similarly, Nepali, Maithili, and Bantwa are found to be spoken as second languages in Koshi Province; Nepali, Maithili, and Bhojpuri in Madhesh Province; Nepali, Tamang, and Nepal Bhasha in Bagmati Province; Nepali, Tamang, and Magar in Gandaki Province; Nepali, Awadhi, and Tharu in Lumbini Province; Nepali, Magar, and Urdu in Karnali Province; and Nepali, Doteli, and Tharu are found to be spoken as second languages in Sudurpashchim Province. Maithili, Bhojpuri, Awadhi, Limbu, Magar, and Newari mother tongues have been prepared for classes 1 to 12 for teaching in multilingual classes. Since the mother tongue of these native and second language speakers is Nepali and the second language as well as the medium of higher education is English, there is a need to make Nepal's language policy multilingual.

***Keywords:*** motivation, first language, second language, education absolute, education relative multilingualism

## परिचय

नेपाल बहुभाषिक र बहुजातीय राष्ट्र हो । *नेपालको संविधान, २०७२* को भाग ३ को मौलिक हक र कर्तव्यसँग सम्बन्धित धारा ३२ को भाषा र संस्कृतिको उपधारा १ मा प्रत्येक व्यक्ति वा समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको व्यवस्था गरिएको छ भने सोही उपधारा ३ मा नेपालमा बासोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन तथा संरक्षण गर्ने हकको व्यवस्था गरेको छ । यही बहुभाषिक मान्यतालाई आत्मसात् गर्दै नेपालको सन्दर्भमा बहुभाषिक कक्षा सम्भाव्यताको व्यवस्था गर्नुपर्ने देखिन्छ । वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कले नेपालमा बसोबास गर्ने १४२ जातजातिका १२४ वटा आआफ्नै मातृभाषा तथा दोस्रो भाषा रूपमा नेपाली बोल्ने देखाएको छ (राष्ट्रिय जनगणना, २०७८, पृ. ८) । यही कारण नेपालको भाषानीति बहुभाषिक हुनु आवश्यक छ । भाषा शिक्षणको सन्दर्भमा पहिलो भाषा प्राप्त हुन्छ भने दोस्रो भाषा सिकिन्छ । सिक्ने भनेर नै सचेत रूपमा प्रयास गरी सिक्नुचाहिँ सिकाइ हो (बन्धु, २०७३, पृ.३०४) । पहिलो भाषा सिक्न उस्तै परिस्थिति भए तापनि दोस्रो भाषा सिक्नका लागि परिस्थितिहरू भिन्नभिन्न हुन सक्छन् । दोस्रो भाषा सिकाउन निकै तयारी गर्नुपर्ने हुन्छ । भाषा शिक्षणलाई भाषाको मनोवैज्ञानिक पक्ष भाषा शिक्षणको सिद्धान्तसँग जोड्न आवश्यक छ । भाषा शिक्षाको क्षेत्रमा फरकफरक सम्प्रदायहरू बिचको भिन्नताको एउटा मुख्य कारण भनेको तिनीहरूको सिकाइ सिद्धान्तको फरक मान्यता हुनु नै हो (शर्मा र शर्मा, सन् २०१३, पृ.१८०) । संरचनात्मक भाषाविज्ञानको प्रमुख ज्ञानआर्जनमा व्यवहारवादी र रूपान्तरण प्रजनक भाषाविज्ञानमा संज्ञानवादी दृष्टिकोण पाइन्छ भने ऐतिहासिक दृष्टिले हेर्दा ज्ञानआर्जनका दुई स्पष्ट दृष्टिकोणमा अनुभववादी र बुद्धिवादलाई मान्दछ (श्रीवास्तव सन् १९९२, पृ.५७) । यिनै सिद्धान्तअनुसार मातृभाषा र दोस्रो भाषाका माध्यमबाट विद्याथीहरूलाई कक्षा व्यवस्थापन गर्नु नै

बहुभाषिक शिक्षण हो। बहुभाीषिक शिक्षणमा दुई वा दुईभन्दा बढी भाषाका माध्यमबाट दिइने शिक्षाको स्थिति नै बहुभाषिक हो (शर्मा र पौडेल, २०६०, पृ. ३३)। बहुभाषिक नेपालमा विश्वमा बोलिने प्रमुख चार भाषिक परिवारका भारोपेली, भोटचिनियाँ, आग्नेली र द्रविडेली भाषाहरू बोलिन्छन्। वि.सं.२०७८ सालको तथ्याङ्क अनुसार १२४ वटा भन्दा बढी मातृभाषाहरू बोल्ने वक्ताहरू पाइएका छन् (मातृभाषा जनगणना, २०७८)। एक लाखभन्दा बढी वक्ताहरूका जनसङ्ख्या भएका एक्काइसवटा मातृभाषाहरूमा नेपाली बाहेकका प्रमुख भाषाहरूमा क्रमश: मैथली, भोजपुरी, थारु, तामाङ, बज्जिका, अवधी, नेवारी, मगर, डोटेली, उर्दू, लिम्बू, गुरुङ, मगही, बैतडेली, राई, अछामी, बान्तवा, राजवंशी, शेर्पा र खस रहेका छन् भने एकलाखभन्दा कम जनसङ्ख्या भएका १०३ मातृभाषा तथा अन्य एक भाषा र पहिचान नखुलेका भाषासमेत बोल्ने वक्ताहरू नेपालमा रहेका छन्। यी मातृभाषी वक्ताहरूका जनसङ्ख्या अलग अलग क्षेत्रमा वितरित नभई छरिएर रहेका छन्। बहुभाषिक स्थितिलाई हेर्दा नेपालका धेरैजसो भाषाभाषीहरू पृथक्-पृथक् भौगोलिक परिवेशमा रहेर बसोबास गरे तापनि एकअर्का भाषाभाषीबाट प्राय: अन्तर्मिश्रित एवम् अन्त:सङ्क्रमित भएर रहेका पाइन्छन् (अधिकारी, २०५६, पृ.४०)। यहाँ बसोबास गर्ने नेपाली भाषाभाषीका लागि नेपालभित्रको कुनै पनि भाषा दोस्रो भाषा हो भने नेपालका विभिन्न भाषा बोल्नेहरूका लागि नेपाली पनि दोस्रो भाषा हो (बन्धु, २०७३, पृ. ३०१)। यी विभिन्न भाषाभाषीका वक्ताहरू बिच छरछिमेक, गाउँघर, हाटबजार, मेलापर्वमा आपसी सम्पर्कको स्थिति आइरहनुपर्ने हुन्छ। त्यसैले नेपालमा बहुभाषिक कक्षाको शिक्षणको सम्भाव्यता र आवश्यकता देखिएको छ।

बहुभाषिक शिक्षणको वर्तमान अवस्थाको अध्ययन गरी मातृभाषी पाठ्यक्रमका तथ्याङ्क आधिकारिक स्रोत व्यक्तिबाट लिइएको छ। नेपालमा बोलिने १२४ वटा मातृभाषामध्ये २८ वटा मातृभाषाहरूका कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक र कक्षा ६ देखि ८, कक्षा ९ देखि १२ सम्मका पाठ्यक्रम तयार भएका छन्। मैथिली, भोजपुरी, अवधी, लिम्बू, बान्तवा, चाम्लिङ, नेवार र मगर मातृभाषाहरूका कथा, जीवन र संस्कृति विषयका कक्षा १ देखि कक्षा ८ सम्मका बालसन्दर्भ सामग्री र कक्षा ९ देखि कक्षा १२ सम्मका पाठ्यक्रम तयार भएका छन्। त्यसैगरी शेर्पा, गुरुङ, मगर, थारू, सुनुवार, राजवंशी, याक्खा, मुगाली, तामाङ (सम्भोटा), धिमाल, बज्जिका, कुलुङ, चेपाङ र खालिङ राई मातृभाषाहरूका कक्षा १ देखि कक्षा ५ सम्मका कथा, जीवन र संस्कृति विषयका पाठ्यपुस्तक निर्माण भई पठन पाठन भइरकेको अवस्था छ भने राना थारू, माझी र डोटेली मातृभाषाका कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तक तयार भएका छन् (खनाल, २०८१ बैशाख ९ गते मातृभाषा पाठ्यक्रम प्रमुखसँग गरिएको संवादबाट)।

नेपालमा एकल नेपाली भाषा मात्र शिक्षण नगरी विभिन्न मातृभाषा बोल्ने समुदायहरूका भाषिक संरक्षण र संवर्द्धन गर्नका लागि पनि बहुभाषिक शिक्षणको आवश्यकता पर्छ। खास गरी दोस्रो भाषा प्रयोक्ताका रूपमा उनीहरूका सामाजिक भूमिकाको निर्वाहलाई प्रभावकारी बनाउन दोस्रो भाषाका रूपमा नेपाली शिक्षणलाई अझ व्यवस्थित गर्नु आवश्यकता छ (बन्धु, २०७३, पृ. ३०७)। दोस्रो भाषा वा बहुभाषिक शिक्षणका सन्दर्भमा विद्यालय जानुभन्दा पहिले घरपरिवार, छिमेकको वातावरणबाट कुनै पनि रूपमा प्राप्त नभएको भाषा एकैचोटि विद्यालयमा मात्र सिक्नुपर्ने र छिमेक र समुदायमा पनि कम प्रयोग हुने भएमा त्यस किसिमको भाषा सिक्न शिक्षार्थीहरूले विशेष प्रयास गर्नुपर्छ (अधिकारी, २०६३, पृ.४२)। बहुभाषिक शिक्षणका माध्यमबाट प्रत्येक मातृभाषी वक्ताहरूलाई आफ्नो भाषा, धर्म र संस्कृतिप्रति सजक गराउन तथा समुदायगत, सामाजिक, औपचारिक गतिविधि र शैक्षिक, आर्थिक, राजनीतिक एवम् राष्ट्रिय गतिविधिका हरेका क्रियाकलापमा समान सहभागिता

जनाउन सक्ने राष्ट्रिय आवश्यकताको जनशक्ति उत्पादन गर्न पनि बहुभाषिक शिक्षणको आवश्यकता देखिएको छ । नेपालका भाषाको संरक्षण गर्नका लागि नेपालका भाषाहरूको अवस्थाको मूल्याङ्कन गरी मूलतः मातृभाषी वक्तामा भाषा संरक्षणको भावना विकास गराई पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने अनि भाषा मातृभाषा शिक्षणलाई महत्व दिई भाषा नीति निर्माण गर्नुपर्दछ (न्यौपाने, सन् २०२२) । बालकले एकभन्दा बढी भाषा आफ्नै घर परिवार वा समुदायमा सिकेको हुन्छ । भाषा सिकाइका कालक्रमिक आधारमा पहिलो मातृभाषा र दोस्रो नेपाली भाषा तथा अन्य विदेशी भाषामा अङ्ग्रेजीलाई राख्न सकिन्छ (बन्धु, २०७३, पृ. ३००) । बहुभाषिक स्थितिमा हुर्केको बालक एकभन्दा बढी भाषा प्रयोग गर्ने स्थितिमा हुन्छ । ती भाषामध्ये कुनै एक परिवेशमा एउटा भाषाको कोड र अन्य परिवेशमा अर्को भाषाको कोड प्रयोग तथा छनोट गर्दछ (वार्डहाउ, सन् २००६, पृ. १), शिक्षित नेपाली बहुभाषिक विद्वान्हरू बिचमा वार्तालाप हुँदा परिवेशअनुसार नेपाली र अङ्ग्रेजी दुवै भाषाका कोड प्रयोग गर्छन् । नेपालजस्तै बहुभाषिक देश क्यामरुनमा २८५ वटाभन्दा बढी मातृभाषी वक्ताहरू रहेका छन् । जसले सरकारी कामकाजको क्यामरुन र अङ्ग्रेजी दुईवटा भाषामा प्रयोग गर्दछन् भने एक जना व्यक्तिले दैनिक जीवनमा चारदेखि पाँचवटा सम्पर्क भाषाका कोड छनोट गरी प्रयोग गर्दछन् (कोइनिङ, चिअ एन्ड पोभेय, (१९८३) । बहुभाषिक सन्दर्भमा शिक्षार्थीहरूले मातृभाषा र राष्ट्रभाषा नेपाली तथा उच्च शिक्षाको माध्यम अङ्ग्रेजी भाषाको कोड परिवेशअनुसार छनोट गरी भाषिक अभिव्यक्ति सम्प्रेषणमा प्रयोग गर्नु नै बहुभाषिक शिक्षणको सैद्धान्तिक आधार हो । प्रस्तुत लेखमा यही सैद्धान्तिक अवधाणाका आधारमा नेपालको सन्दर्भमा प्रयुक्त बहुभाषिक कक्षा शिक्षणको सम्भाव्यता विषयको अध्ययन गरिएको छ ।

नेपाल विविध भाषा, धर्म र संस्कृतिले भरिएको देश हो । यहाँ विभिन्न मातृभाषाहरू बोल्ने वक्ताहरू बसोबास गर्ने भएकाले बहुभाषिक कक्षा शिक्षणको माध्यमबाट राष्ट्रिय एकता कायम गर्न तथा सम्पूर्ण मातृभाषाहरूको संरक्षण तथा संवर्द्धन गर्न संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय निकायहरूले योजना तर्जुमा गर्नुपर्ने छ । तसर्थः नेपालमा बोलिने विभिन्न मातृभाषाहरू तथा नेपाली दोस्रो भाषा र अन्य अङ्ग्रेजी भाषासमेतको शिक्षण सिकाइमा बहुभाषिक कक्षा शिक्षणको सम्भाव्यता र यथार्थ वस्तुगत अध्ययनको खोज गर्नु नै प्रस्तुत लेखको प्राज्ञिक समस्या हो । उक्त प्राज्ञिक समस्याको समाधान गर्नु नै प्रस्तुत लेखको उद्देश्य रहेको छ ।

प्रस्तुत लेखका पूर्वकार्यमा बहुभाषिक शिक्षणसँग सम्बद्ध लेख तथा पाठ्यपुस्तकको अध्ययनलाई सैद्धान्तिक रूपमा पूर्वकार्यमा समीक्षा गरिएको छ । *भाषा शिक्षण* (१९९२) मा द्विभाषिकता र अन्य भाषा शिक्षण शीर्षकमा मातृभाषा र अन्य भाषाको शिक्षणले शिक्षार्थीलाई अनिवार्य द्विभाषिक वा बहुभाषिक बनाउने उल्लेख छ । बहुभाषिकतालाई 'स्थितिसापेक्ष र प्रयोक्तासापेक्ष' सम्बन्धी वर्णन गरिएको छ । 'स्थितिसापेक्ष बहुभाषिक' नेपालका राई, लिम्बू र शेर्पाजस्ता वक्ताले आफ्नो मातृभाषा र नेपाली भाषामध्ये कुनै एक भाषामा अभिव्यक्ति दिनु, 'प्रयोक्तासापेक्ष' नेपालका तामाङ, लिम्बू र गुरुङजस्ता मातृभाषी वक्ताहरूले मातृभाषा र नेपाली भाषा दुवैमा पूर्ण वा आंशिक अभिव्यक्ति दिने दक्षता राख्नु हो । यसमा 'शिक्षानिरपेक्ष सामान्य र शिक्षासापेक्ष सम्भ्रान्त' 'सामान्य द्विभाषिकता' हुने उल्लेख गरिएको छ । *लिङ्ग्युस्टिक्स एन्ड सेकेन्ड ल्याङ्ग्युएज एक्युइजिसन* (१९९३) शीर्षकमा बालक वा शिक्षार्थीमा दोस्रो भाषा प्राप्तिसम्बन्धी विस्तुत रूपमा अनुसन्धान गरी पुस्तक लेखिएको छ । *सेकेन्ड ल्याङ्ग्युएज क्यालसरुम रिसर्ज अन टिचिङ एन्ड लर्निङ* ( २००९) शीर्षकमा दोस्रो भाषा शिक्षण सम्बन्धी शोध गरिएको छ । *द स्टडी अफ ल्याङ्ग्युएज* (२००६) शीर्षकमा मातृभाषा र दोस्रो भाषा प्राप्ति र सिकाइसम्बन्धी अवरोध गर्ने भावनात्मक तत्वहरूको अध्ययन गरिएको छ । *पाठ्यक्रम*

*निहित भाषा* (२०१८) शीर्षकमा भारतीय बहुभाषिक र प्रान्तीय भाषाहरूका प्रयोगबारे उल्लेख गरिएको छ । *भाषाविज्ञान* (२०७३) शीर्षकको अध्याय तेइस र चौबिसमा मातृभाषा र दोस्रो भाषा शिक्षण प्रक्रिया र अध्ययन शीर्षकको अध्ययनलाई लेखमा सैद्धान्तिक पूर्वकार्यको रूपमा पर्यावलोकन गरिएको छ ।

नेपालमा बोलिने १२४ वटा मातृभाषामध्ये एकलाख भन्दा बढी जनसङ्ख्या भएका वक्ताहरूले बोल्न एक्काइसवटा मातृभाषाहरू र दोस्रो भाषी वक्ताहरूका प्रदेशगत वितरणको अध्ययनमा मात्र सीमित गरी नेपालको सन्दर्भमा प्रयुक्त बहुभाषिक कक्षा शिक्षण सम्भाव्यताको वर्णनात्मक अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा आफ्नै ढाँचा निर्माण गरी प्रदेशगत रूपका बोलिने मातृभाषा र दोस्रो भाषाका वर्णनात्मक अध्ययन गरिएको छ। नेपालको सन्दर्भमा प्रयुक्त बहुभाषिक कक्षा शिक्षण सम्भाव्यताको वर्णनात्मक अध्ययनको प्राप्त निष्कर्षबाट संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र लेखनमा विशेष उपयोगी र औचित्यपूर्ण हुने देखिन्छ । प्रस्तुत लेखमा चयन गरिएको विषय र त्यसबाट प्राप्त सैद्धान्तिक ज्ञानले भाषिक प्रयोगको सिपसँग सम्बद्ध बहुभाषिक कक्षा शिक्षणमा जिज्ञासा राख्ने अध्येता, शिक्षक तथा शिक्षार्थीहरूका निम्ति समेत प्रस्तुत लेख उपयोगी र औचित्यपूर्ण रहेको छ ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ। प्रस्तुत अध्ययनमा २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार नेपालमा १४२ जातजातिका १२४ वटा मातृभाषा र दोस्रो नेपाली भाषा बोल्ने वक्ताहरूको तथ्याङ्कलाई उपयोग गरिएको छ। यसमा २०७८ को जनगणनाले प्रस्तुत गरेको भाषिक तथ्याङ्कको विश्लेषण गरी बहुभाषिक शिक्षणको सम्भाव्यता खोजी गर्ने प्रयास गरिएको छ। यस क्रममा भाषिक तथ्याङ्कलाई जनसङ्ख्या विविध कोणबाट तालिकाबद्ध गरी प्रस्तुत गर्दै त्यसको व्याख्या विश्लेषण गरिएको छ। मुलतः नेपालको बहुभाषिकताको अवस्था पहिचान गरी बहुभाषिक शिक्षाको सम्भाव्यता खोजी गर्ने प्रयास गरिएको छ । यस क्रममा एकलाखभन्दा बढी जनसङ्ख्याले बोल्ने एक्काइसवटा मातृभाषा तालिकामा प्रस्तुत गरिएका छन् भने प्रदेशगत रूपमा बोलिने मातृभाषा र दोस्रो भाषाका तथ्याङ्कलाई भिन्न भिन्न तालिकामा प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ। उक्त तथ्याङ्को विश्लेषणबाट प्रदेशगत रूपमा बोलिने पहिलो, दोस्रो र तेस्रो स्थानका मातृभाषा र दोस्रो भाषाको वास्तविक स्थिति पत्ता लगाइएको छ ।

## प्राप्ति र छलफल

बहुभाषिक शिक्षण सिकाइ प्रक्रियाको मूल्य र मान्यता मातृभाषा र दोसो भाषा वा अन्य भाषाको विशेषता र संरचना पक्षको सिकाइसँग सम्बन्धित रहेको छ। बहुभाषिक शिक्षण सिकाइमा निर्देशनात्मक ज्ञान हुन आवश्यक छ नत्र ऊ स्वतन्त्र रूपमा कुनै कार्यक्रममा सहभागी हुन सक्दैन । साथै समाजिकीकरणमा अन्य व्यक्तिमा निर्भर हुनुपर्छ (लोङ, सन् १९८३) । बहुभाषिक शिक्षणमा मातृभाषामा झैं सुनाइ, बोलाइ, पढाइ र लेखाइका साथै व्याकरण अनुवाद विधि, क्रमिक शिक्षण पद्धतिमा प्रत्यक्ष विधि, भाषाशास्त्रीय पद्धति, भाषिक अनुभव पद्धति, वैयक्तिक प्रशिक्षण पद्धतिका आवश्यकता, प्रयोजन र सीमाका आधारमा शिक्षण गर्नुपर्छ (बन्धु, २०७३, पृ. ३०४) । बहुभाषिक शिक्षण सन्दर्भको परिवेश, संस्कृति, उमेर र भाषिक सन्दर्भले भावनात्मक प्रभाव पार्दछ । बहुभाषिक शिक्षणमा निर्देशनात्मक सिकाइ, शिक्षक र शिक्षार्थीहरू बिचमा अन्तरक्रिया, सिकारुको आनीबानी

तथा कक्षामा शिक्षकले शिक्षार्थीहरूलाई बोलाइ अभ्यासमा सबभन्दा बढी जोड दिई मातृभाषाका ध्वनितत्त्व प्रभावलाई कम गर्नुपर्छ। बहुभाषिक कक्षामा शिक्षार्थीहरू बिच मातृभाषा तथा दोस्रो भाषामा बढीभन्दा बढी बोलाई अभ्यास गराउन सक्ने भाषिक विज्ञता र दक्षता भएका शिक्षक छनोट गर्नुपर्छ। बहुभाषिक शिक्षणमा शिक्षक र शिक्षार्थीहरूबिच बढीभन्दा बढी दोस्रो भाषामा छलफल र संवाद गर्न प्रेरित गर्दै शिक्षार्थी केन्द्रित शिक्षणमा ध्यान दिनुपर्छ (चौंद्रोन, सन् २००९, पृ. ११९)। बहुभाषिक शिक्षणमा कक्षामा भएका शिक्षार्थीहरूबिच दोस्रो भाषामा संवाद वा वादविवाद प्रतियोगिता गर्न प्रोत्साहन गरिनुपर्छ। विद्यार्थीहरू मातृभाषामा विकसित भए तापनि बहुभाषिक शिक्षण सुनाइमा अभ्यास बढी गराउने गर्नुपर्छ। बहभाषिक शिक्षणमा भाषिक विशेषतानुसार लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियाको प्रयोग गर्न लगाई सङ्गतिपूर्ण वाक्य निर्माणमा अभ्यस्त गराउने गर्नुपर्छ।

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार जम्मा १२४ वटा मातृभाषामध्ये एक लाखभन्दा बढी जनसङ्ख्याले बोल्ने २१ वटा मातृभाषाहरू र त्यसका जनसङ्ख्यालाई प्रतिशतसहित तालिका १ मा प्रस्तुत गरिएको छ :

**तालिका १**

*नेपालमा बोलिने राष्ट्रिय भाषाहरू*

| भाषाहरू | मातृभाषी सङ्ख्या | प्रतिशत | क्र.स. | भाषाहरू | मातृभाषी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| नेपाली | १३०८४४५७ | ४४.८६ | १२. | लिम्बू | ३५०४३६ | १.२ |
| मैथली | ३२२२३८९ | ११.०५ | १३. | गुरुङ | ३२८०७४ | १.१२ |
| भोजपुरी | १८२०७९५ | ६.२४ | १४. | मगही | २३०११७ | ०.७९ |
| थारू | १७१४०९१ | ५.८८ | १५. | बैतडेली | १५२६६६ | ०.५२ |
| तामाङ | १४२३०७५ | ४.८८ | १६. | राई | १४४५१२ | ०.५० |
| बज्जिका | ११३३७६४ | ३.८९ | १७. | अछामी | १४१४४४ | ०.४८ |
| अवधी | ८६४२७६ | २.९६ | १८. | बान्तवा | १३८००३ | ०.४७ |
| नेवारी | ८६३३८० | २.९६ | १९. | राजवंशी | १३०१६३ | ०.४५ |
| मगर | ८१०३१५ | २.७८ | २०. | शेर्पा | ११७८९६ | ०.४० |
| डोटेली | ४९४८६४ | १.७ | २१. | खस | ११७५११ | ०.४० |
| उर्दु | ४१३७८५ | १.४२ | | | | |
| | | | | जम्मा | २७६९६०१३ | ९१.५२ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८।

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कका आधारमा नेपालमा बोलिने एक लाखभन्दा बढी जनसङ्ख्या भएका नेपाली मातृभाषीबाहेक क्रमशः मैथली, भोजपुरी, थारु, तामाङ, बज्जिका, अवधी, नेवारी, मगर, डोटेली, उर्दू, लिम्बू, गुरुङ, मगही, बैतडेली, राई, अछामी, बान्तवा, राजवंशी, शेर्पा र खस लगायतका सबै मातृभाषी बालकहरूले बोल्ने मातृभाषाको जनसङ्ख्यालाई प्रतिशतमा समेत प्रस्तुत गरिएका छन्। कोशी प्रदेशमा यी २१ वटा मातृभाषामध्ये नेपाली, मैथिली, लिम्बू, थारू, तामाङ, मगर, बान्तवा, राजवंशी, उर्दू, राई, शेर्पा, नेवारी, गुरुङ, भोजपुरी, मगही, खस, बज्जिका र

बैतडेली गरी १८ वटा पाइएका छन्। मधेश प्रदेशमा मैथिली, भोजपुरी, बज्जिका, नेपाली, थारू, उर्दू, मगही, तामाङ, नेवारी, राई, गुरुङ, अवधी, खस, लिम्बू, डोटेली, राजवंशी, बान्तवा, शेर्पा र अछामी गरी २१ वटा रहेका छन्। बागमती प्रदेशमा नेपाली, तामाङ, नेवारी, मगर, थारू, मैथिली, भोजपुरी, गुरुङ, शेर्पा, राई, लिम्बू, डोटेली, बज्जिका, उर्दू, बान्तवा, अवधी, खस, राजवंशी, बैतडेली, मगही र अछामी गरी २१ वटा रहेका छन्। गण्डकी प्रदेशमा नेपाली, मगर, गुरुङ, थारू, नेवारी, तामाङ, भोजपुरी, मैथिली, राई, खस, उर्दू, बज्जिका, लिम्बू शेर्पा, राजवंशी, बान्तवा, बैतडेली र मगही गरी १८ वटा पाइएका छन्। लुम्बिनी प्रदेशमा नेपाली, अवधी, थारू, भोजपुरी, मगर, उर्दु, नेवारी, गुरुङ, मैथिली, तामाङ, खस, अछामी, राजवंशी, डोटेली, लिम्बू, बज्जिका, शेर्पा, बैतडेली र बान्तवा गरी १९ वटा रहेका छन्। कर्णाली प्रदेशमा नेपाली, खस, मगर, थारू, गुरुङ, तामाङ, अछामी, डोटेली, मैथिली, नेवारी, भोजपुरी, अवधी, शेर्पा, उर्दू, बैतडेली, राई, लिम्बू, बज्जिका र राजवंशी गरी १८ वटा मातृभाषी वक्ता रहेका छन्। सुदूरपश्चिम प्रदेशमा नेपाली, डोटेली, थारू, बैतडेली, अछामी, मगर, तामाङ, मैथिली, अवधी, खस, नेवारी, गुरुङ, भोजपुरी, राई, उर्दू, लिम्बू, शेर्पा र बज्जिका गरी १८ वटा मातृभाषी वक्ताहरू पाइएका छन्।

यी मातृभाषी वक्ताहरूले मातृभाषाको प्राप्तिपछि मात्र नेपाली सिकेर बहुभाषिक बन्नुपरेका छन्। मातृभाषी बालकले विद्यालय सुरु गर्नुभन्दा धेरै पहिला उसले उच्च सम्भ्रान्त भाषा प्रयोग र सञ्चालन प्रणालीको आफ्नै अनुभव र बार्तालापबाट भाषा सिक्दछ (युले, सन् २००६, पृ. १४९)। त्यसैले भाषा एक पुस्ताबाट अर्को पुस्तामा स्थानान्तरणत हुँदै जान्छ। मातृभाषा शिक्षणको महत्त्वमाथि चर्चा गर्दै युनेस्कोद्वारा आयोजित सङ्गोष्ठीमा भाग लिने विद्वान्हरूले यस तथ्यमाथि एकमतले स्वीकार गर्दै मातृभाषा व्यक्तिको लागि उसको समाज अथवा संस्कृति र अन्तरात्माको मुख्य साधन भनिएको छ (श्रीवास्तव, सन् १९९२, पृ. १७९)। बहुभाषिक शिक्षणको सन्दर्भका पाठ्यक्रम विकास केन्द्र सानोठिमीबाट तयार भएका २८ वटा मातृभाषासम्बन्धी पाठ्यक्रम तथा पाठ्यपुस्तक भएका पाइएका छन्। यसमा माथि तथ्याङ्कमा लिइएका २१ वटा मातृभाषामध्ये मैथिली, भोजपुरी, अवधी, तामाङ, लिम्बू, बान्तवा, शेर्पा, मगर, गुरुङ, नेपाल भाषा, उर्दू र डोटेली मातृभाषीहरूका कक्षा १ देखि ५ सम्मका पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भई कक्षा सञ्चालनसम्म भएका छन्। यसर्थः यी मातृभाषीहरूका पठनपाठनलाई सफल रूपमा कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय निकायले विद्यालय तहदेखि उच्च शिक्षाको माथिल्लो तहसम्म अनिवार्य रूपले लाग्नुपर्छ। जसले गर्दा मातृभाषाहरूका संरक्षण र संवर्द्धन गर्न महत्त्वपूर्ण योगदान पुग्दछ। यी सबै कुरालाई ध्यानमा राख्दै भाषावैज्ञानिक मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तको पुष्ठभूमि तथा प्रक्रियासँग सम्बद्ध शिक्षण प्रक्रियालाई विद्यालयदेखि विश्वविद्यालयको उच्च तहसम्म मातृभाषा र दोस्रो भाषाका कक्षा शिक्षणको सम्भाव्यतालाई ध्यानमा राखी सङ्घ तथा प्रदेश सरकार र शिक्षा मन्त्रालयजस्ता सम्बद्ध निकायले बहुभाषिक कक्षा शिक्षण आधारित पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई पूर्ण रूपमा लागु गर्नुपर्ने छ।

वि.सं.२०७८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदनअनुसार नेपालमा बोलिने विभिन्न १२४ मातृभाषीहरूलाई प्रदेशगत रूपमा मातृभाषा र तिनका कुल जनसङ्ख्यालाई प्रदेशगत रूपमा अन्य भाषा र पहिचान नखुलेकालाई (१+१) गरी तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका २**

*मातृभाषाको प्रदेशगत विभाजन*

| प्रदेश | कोशी | मदेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | ४९६१४१२ | ६११४६०० | ६११६८६६ | २४६६४२७ | ५१२२०७८ | १६८८४१२ | २६९४७८३ |
| मातृभाषी जातजाति | १०७+१+१ | ६०+१+१ | १०७+१+१ | ७२+१+१ | ६६+१+१ | ४८+१ | ७२+१+१ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८ ।

माथिका तालिकामा २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार कोशी प्रदेशका मातृभाषी वक्ताहरूका कुल जनसङ्ख्या ४९६१४१२ जना रहेका छन् । कोशी प्रदेशका १०७+१+१ एकसय सात मातृभाषीहरूमा अन्य एक र पहिचान नखुलेका एक गरी एकसय नौ मातृभाषी वक्ताहरू पाइएका छन् । यसमा पहिलो नेपाली, दोस्रो मैथिली र तेस्रोमा लिम्बू मातृभाषी वक्ताहरू रहेका छन् । मदेस प्रदेशका मातृभाषी वक्ताहरूका कुल जनसङ्ख्या ६११४६०० जना देखिएका छन् । मदेस प्रदेशमा ६०+१+१ साठी मातृभाषी वक्ताहरूमा अन्य एक र पहिचान नखुलेका एक गरी बैसट्ठी मातृभाषी वक्ताहरू रहेका छन् । यसमा पहिलो मैथिली, दोस्रो भोजपुरी र तेस्रोमा बज्जिका मातृभाषी वक्ताहरू पाइएका  छन् । बागमती प्रदेशका मातृभाषी वक्ताहरूका कुल जनसङ्ख्या ६११६८६६ जना रहेका छन् । बागमती प्रदेशका १०७+१+१ एकसय सात मातृभाषीहरूमा अन्य एक र पहिचान नखुलेका एक गरी एकसय नौ मातृभाषी वक्ताहरू देखिएका छन् । यसमा पहिलो नेपाली, दोस्रो तामाङ र तेस्रोमा नेपाल भाषा बोल्ने वक्ताहरू रहेका छन् । गण्डकी प्रदेशका मातृभाषी वक्ताहरूका कुल जनसङ्ख्या २४६६४२७ जना रहेका छन् । गण्डकी प्रदेशका ७२+१+१ बहत्तर मातृभाषी वक्ताहरूमा अन्य एक र पहिचान नखुलेको एक गरी चौहत्तर मातृभाषी वक्ताहरू रहेका छन् । यसमा पहिलो नेपाली, दोस्रो मगर र तेस्रोमा गुरुङ मातृभाषी वक्ताहरू पाइएका छन् । लुम्बिनी प्रदेशका मातृभाषी वक्ताहरूका कुल जनसङ्ख्या ५१२२०७८ जना रहेका छन् । यहाँ ६६+१+१ छैसट्ठी मातृभाषी वक्ताहरूमा अन्य एक र पहिचान नखुलेको एक गरी अठसट्ठी मातृभाषी वक्ताहरू रहेका छन् । यसमा पहिलो नेपाली, दोस्रो अवधि र तेस्रोमा थारू मातृभाषी वक्ताहरू पाइएका छन् । कर्णाली प्रदेशका मातृभाषी वक्ताहरूका कुल जनसङ्ख्या १६८८४१२ जना रहेका छन् । कर्णाली प्रदेशका ४८+१ अठचालिस मातृभाषी वक्ताहरू र अन्य एक गरी उनन्पचास मातृभाषी वक्ताहरू रहेका छन् । जसमा पहिलो नेपाली, दोस्रो खस र तेस्रोमा मगर मातृभाषी वक्ताहरू पाइएका छन् । सुदूरपश्चिम प्रदेशका मातृभाषी वक्ताहरूका कुल जनसङ्ख्या २६९४७८३ जना रहेका छन् । सुदूरपश्चिम प्रदेशमा ७२+१+१ बहत्तर मातृभाषी वक्ताहरूमा अन्य एक र पहिचान नखुलेको एक गरी चौहत्तर मातृभाषी वक्ताहरू रहेका छन् । यसमा पहिलो नेपाली, दोस्रो थारू र तेस्रोमा डोटेली मातृभाषी वक्ताहरू पाइएका छन् । यी मातृभाषी वक्ताहरूले आफ्नो मातृभाषाको प्राप्तिपछि मात्र दोस्रो भाषाका रूपमा अनिवार्य नेपाली भाषा सिकेर द्विभाषिक वा बहुभाषिक बन्नुपरेको छ । यस तथ्यबाट नेपालको वास्तविक भाषानीति बहुभाषिक हुनुपर्ने देखिएको छ ।

वि.सं.२०७८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार दोस्रो भाषाको रूपमा नेपाली बोल्ने विमातृभाषी नेपालीहरूको कुलजनसङ्ख्या र विमातृभाषी सङ्ख्यालाई कोशी, मदेस, बागमती,

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश गरी प्रदेशगत रूपमा तालिका ३ मा प्रस्तुत गरिएको छ :

**तालिका ३**

*प्रदेशगत दोस्रो भाषा र जनसङ्ख्या*

| प्रदेश | कोशी | मदेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | ४९६१४१२ | ६११४६०० | ६११६८६६ | २४६६४२७ | ५१२२०७८ | १६८८४१२ | २६९४७८३ |
| दोस्रो भाषी जातजाति | १०४+१ | ६७+१ | ९८+१+१ | ७१+१ | ६३+१ | ३७+१ | ४९+१ |

स्रोत : राष्ट्रिय जनगणना २०७८ ।

माथिको तालिकामा कोशी, मदेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विभिन्न विमातृभाषी नेपालीहरू पाइएका छन् । कोशी प्रदेशका दोस्रो भाषी वक्ताहरूका कुल जनसङ्ख्या ४९६१४१२ जना रहेका छन् । कोशी प्रदेशमा जम्मा १०४+१ एकसय चार दोस्रो भाषी र अन्य एक गरी एकसय पाँच दोस्रो भाषी वक्ताहरू पाइएका छन् । यसमा पहिलो नेपाली, दोस्रो मैथिली र तेस्रोमा बान्तवा दोस्रो भाषी वक्ताहरू देखिएका छन् । मदेस प्रदेशका दोस्रो भाषी वक्ताहरूका कुल जनसङ्ख्या ६११४६०० जना रहेका छन् । मदेस प्रदेशमा जम्मा ६७+१ सतसट्ठी दोस्रो भाषी र अन्य एक दोस्रो भाषी वक्ता गरी जम्मा अठसट्ठी दोस्रो भाषी वक्ताहरू पाइएका छन् । यसमा पहिलो नेपाली, दोस्रो मैथिली र तेस्रोमा भोजपुरी दोस्रो भाषी वक्ताहरू रहेका छन् । बागमती प्रदेशका दोस्रो भाषी वक्ताहरूको कुल जनसङ्ख्या ६११६८६६ जना रहेका छन् । बागमती प्रदेशमा ९८+१+१ अन्ठानब्बे दोस्रो भाषी वक्ताहरूमा पहिचान नखुलेको एक र अन्य एक दोस्रो भाषी वक्ताहरू गरी जम्मा एकसय दोस्रो भाषी वक्ताहरू पाइएका छन् । यसमा पहिलो नेपाली, दोस्रो तामाङ र तेस्रोमा नेवारी दोस्रो भाषी वक्ताहरू रहेका छन् ।

गण्डकी प्रदेशमा दोस्रो भाषी वक्ताहरूको कुल जनसङ्ख्या २४६६४२७ जना पाइएका छन् । गण्डकी प्रदेशमा ७१+१ एकहत्तर दोस्रो भाषी वक्ताहरू र अन्य एक गरी बहत्तर दोस्रो भाषी वक्ताहरू रहेका छन् । यसमा पहिलो नेपाली, दोस्रो तामाङ र तेस्रोमा मगर दोस्रो भाषी वक्ताहरू देखिएका छन् । लुम्बिनी प्रदेशका दोस्रो भाषी वक्ताहरूका कुल जनसङ्ख्या ५१२२०७८ जना पाइएका छन् । लुम्बिनी प्रदेशमा ६३+१ त्रिसट्ठी दोस्रो भाषी वक्ताहरू र अन्य एक गरी चौसट्ठी दोस्रो भाषी वक्ताहरू देखिएका छन् । यसमा पहिलो नेपाली, दोस्रो अवधी र तेस्रोमा थारू दोस्रो भाषी वक्ताहरू रहेका छन् । कर्णाली प्रदेशमा दोस्रो भाषी वक्ताहरूका कुल जनसङ्ख्या १६८८४१२ जना रहेका छन् । कर्णाली प्रदेशमा ३७+१ सैतिस दोस्रो भाषी वक्ताहरू र अन्य एक गरी अड्तिस दोस्रो भाषी वक्ताहरू रहेका छन् । जसमा पहिलो नेपाली, दोस्रो मगर र तेस्रोमा उर्दू दोस्रो भाषी वक्ताहरू पाइएका छन् । सुदूरपश्चिम प्रदेशमा दोस्रो भाषी वक्ताहरूका कुल जनसङ्ख्या २६९४७८३ जना देखिएका छन् । सुदूरपश्चिम प्रदेशमा ४९+१ उनन्पचास दोस्रो भाषी वक्ताहरू र अन्य एक दोस्रो भाषी वक्ता गरी पचास दोस्रो भाषी वक्ताहरू पाइएका छन् । यसमा पहिलो नेपाली, दोस्रो डोटेली र तेस्रोमा थारू दोस्रो भाषी वक्ताहरू देखिएका छन् ।

यी प्रदेशगत रूपमा बसोबास गर्ने दोस्रो भाषी वक्ताहरूले आफ्नो मातृभाषापछि मात्र दोस्रो भाषाका रूपमा राष्ट्रभाषा नेपालीलाई अनिवार्य रूपले सिकेर द्विभाषिक वा बहुभाषिक भई राष्ट्रको मूलधारको हरेक गतिविधिमा सहभागी हुन बहुभाषिक भएका छन्। त्यसैले मातृभाषा सिकाइपछि दोस्रो नेपाली भाषा र अन्तर्राष्ट्रिय सम्पर्क भाषा तथा उच्च शिक्षा अध्ययनको माध्यम भाषा अङ्ग्रेजीसमेतको शिक्षण गर्दा नेपालको सन्दर्भमा बहुभाषिक कक्षा शिक्षणको सम्भाव्यता देखिएको छ। दोस्रो भाषी वक्ताहरूले आफ्नो मातृभाषा प्राप्तिपछि दोस्रो भाषाका रूपमा नेपाली सिकेर बहुभाषिक बन्न सकेनन् भने उनीहरूले राष्ट्रबाट पाउने सबै सेवा सुविधाबाट बञ्चित हुनुपर्ने स्थिति रहेका छन्।

यी नेपाली विभातृभाषी वा दोस्रो भाषी नेपालीहरूलाई राष्ट्रभाषा नेपाली सिकाउन विशेष पाठ्यक्रम बनाउन मातृभाषा र दोस्रो भाषा नेपाली सिकाइबिचको कठिनाइ पत्ता लगाउन व्यतिरेकी विश्लेषणको अध्ययन गरी दोस्रो भाषा सिकाइमा जोड दिनुपर्ने देखिन्छ। प्रत्येक भाषाको भाषिक संरचना र प्रणालीमा भिन्नता हुन्छ (ल्याडो, सन् १९६५, पृ. ८) भन्ने भनाइसँग प्रस्तुत तथ्यलाई जोडेर हेर्दा यही भाषिक भिन्नतालाई आधार मानी उनीहरूका मातृभाषा र दोस्रो नेपाली भाषामा भएका भिन्नताको पहिचान गरी दोस्रो भाषाका शिक्षण सिकाइ प्रक्रियासँग सम्बद्ध गरी बहुभाषिक शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउनु पर्छ।

बहुभाषिक कक्षा शिक्षणका सन्दर्भमा हालसम्म २८ वटा मातृभाषाका मातृभाषासम्बन्धी पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पारिएका छन्। प्राप्त सूचना अनुसार माथि अध्ययन गरिएका एक्काइवटा मातृभाषाहरूमध्ये भोजपुरी, अवधी, तामाङ, लिम्बू, बान्तवा, शेर्पा, मगर, गुरुङ, नेपाल भाषा, उर्दू र डोटेली मातृभाषीहरूका कक्षा १ देखि ५ सम्मका पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भई कक्षासमेत सञ्चालन भइरहेका छन् भने मैथिली, भोजपुरी, अवधी, लिम्बू, नेपाल भाषा र उर्दू मातृभाषाका कक्षा ११ र १२ समेतको पाठ्यक्रम निर्माण भएका छन्। नेपालमा बोलिने १२४ वटा मातृभाषामध्ये कोशी प्रदेशमा १०७ वटा मातृभाषीमा क्रमशः नेपाली, मैथिली र लिम्बू मातृभाषी देखिएका छन्। मदेस प्रदेशका ६२ वटा मातृभाषीमा क्रमशः मैथिली, भोजपुरी र बज्जिका मातृभाषी छन्। बागमती प्रदेशका १०९ वटा मातृभाषीमा क्रमशः नेपाली, तामाङ र नेपाल भाषा मातृभाषी रहेका छन्। गण्डकी प्रदेशका ७४ वटा मातृभाषीमा क्रमशः नेपाली, मगर र गुरुङ मातृभाषी वक्ताहरू रहेका छन्।

लुम्बिनी प्रदेशका ६८ वटा मातृभाषीमा नेपाली, अवधी र थारू मातृभाषी देखिएका छन्। कर्णाली प्रदेशका ४९ वाटा मातृभाषीमा नेपाली, खस र मगर मातृभाषी रहेका छन्। सुदूरपश्चिम प्रदेशका ७४ वटा मातृभाषीमा नेपाली, थारू र डोटेली मातृभाषी देखिएका छन्। प्रदेशगत रूपका दोस्रो भाषी वक्ताहरू हेर्दा कोशी प्रदेशमा १०५ वटा दोस्रो भाषी वक्ताहरूमा नेपाली, मैथिली र बान्तवा दोस्रो भाषी वक्ताहरू रहेका छन्। मदेस प्रदेशका ६८ वटा दोस्रो भाषीमा नेपाली, मैथिली र भोजपुरी दोस्रो भाषी वक्ताहरू देखिएका छन्। बागमती प्रदेशका १०० वटा दोस्रो भाषीमा नेपाली, तामाङ र नेवारी दोस्रो भाषी वक्ताहरू रहेका छन्। गण्डकी प्रदेशका ७२ वटा दोस्रो भाषीमा नेपाली, तामाङ र मगर दोस्रो भाषी वक्ताहरू पाइएका छन्। लुम्बिनी प्रदेशका ६४ वटा दोस्रो भाषीमा नेपाली, अवधी र थारू दोस्रो भाषी वक्ताहरू रहेका छन्। कर्णाली प्रदेशका ३८ वटा दोस्रो भाषीमा नेपाली, मगर र उर्दू दोस्रो भाषी वक्ताहरू रहेका छन् भने सुदूरपश्चिम प्रदेशका ५० दोस्रो भाषीमा नेपाली, डोटेली र थारू दोस्रो भाषी वक्ताहरू रहेका छन्।

## निष्कर्ष

उपर्युक्त तथ्यहरूबाट मातृभाषी वक्ताहरूले मातृभाषाको सिकाइपछि मात्र दोस्रो नेपाली तथा अन्तर्राष्ट्रिय सम्पर्क भाषा र उच्च शिक्षा अध्ययनको माध्यम अङ्ग्रेजी भाषा समेतको अध्ययन गरी बहुभाषिक बनेका छन् । बहुभाषिक शिक्षणका सन्दर्भमा संघीय सरकार तथा प्रदेश सरकारले राष्ट्रभाषा नेपालीबाहेक अन्य मातृभाषालाई पनि संघीय सरकार र प्रदेश सरकारले माथि उल्लिखित गरिएका प्रदेसै पिच्छेका पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेका मातृभाषामध्ये कुनै एकलाई प्रदेशको आवश्यकता हेरी आआफ्नै प्रदेशिक कामकाजको भाषा निर्माण गरी प्रयोगमा ल्याउनु आवश्यक छ। यसले बहुभाषिक भाषानीति बनाई विद्यालय तहदेखि उच्च शिक्षाको तहसम्म शिक्षण क्रियाकलाप गर्न प्रोत्साहन गर्नुपर्छ। भारत बहुभाषिक देश भएकाले सङ्घमा 'हिन्दी' र 'अङ्ग्रेजी' तथा प्रदेशमा भिन्न भिन्न भाषालाई अपनाई भाषाको संरक्षण र संवर्द्धन गरेको उदाहरणबाट नेपालमा पनि यसलाई अपनाउन सकिन्छ भन्ने पुष्टि गर्न सकिन्छ । समग्रमा भाषावैज्ञानिक मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तको पृष्ठभूमि तथा प्रक्रियासँग सम्बद्ध गरी बहुभाषिक शिक्षण प्रक्रियालाई विद्यालयदेखि विश्वविद्यालयका उच्च तहसम्म मातृभाषा र दोस्रो भाषा शिक्षण समेतलाई सङ्घ तथा प्रदेश सरकार र शिक्षा मन्त्रालयजस्ता सम्बद्ध निकायले बहुभाषिक शिक्षणका लागि पाठ्यक्रम विकास केन्द्रले तयार पारेका २७ वटा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागु गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६३), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति* (चौथो संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

कुक, भिभिएन ( सन् १९९३), *लिङ्ग्विस्टिक्स एण्ड सेकेन्ड ल्याङ्ग्युएज एकुइजिसन,* द म्याक्मिलियन प्रेस लिमिटेड ।

कोइनिङ, इ. एल., चिअ, इ. एन्ड पोभेय, जे. (१९८३), *अ सोसियोलिङ्ग्युस्टिक्स प्रोफायल अफ अर्बान सेन्टर इन क्याम्रुन,* ऋसरोडस प्रेस ।

गभर्मेन्ट अफ नेपाल अफिस अफ द मिनिस्टर एन्ड काउन्सिल अफ मिनिस्टर (सन् २०२१), *नेसनल पोपुलेसन एन्ड हाउजिङ्ग सेनसस,* कास्ट/इथ्निसिटी, ल्याङ्ग्युएज एन्ड रिलिजन, नेसनल रिपोर्ट, नेसनल स्टाटिस्टिक अफिस ।

चौद्रोन, क्राइग (सन् २००९), *सेकेन्ड ल्याङ्वेज क्लासरुम,* क्याम्ब्रिज युनिभर्सिटी ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७८), *राष्ट्रिय जनगणना २०२१ को सङ्क्षिप्त नतिजा,* राष्ट्रिय तथ्याङ्क कार्यालय ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* कानुन किताब व्यवस्था समिति ।

न्यौपाने, महेन्द्र (सन् २०२२), नेपालको भाषानीति : अवस्था र अपेक्षा, *द एजुकेटर जर्नल,१०*(१), ३०-४० । https://doi.org/10.3126/tej.v10i1.46946

पाठ्यक्रम विकास केन्द्र (२०८१), *मातृभाषाको पाठ्यक्रम,* ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान* (नवौं संस्क.) साझा प्रकाशन ।

युले, जर्ज (सन् २००६), *द स्टडी अफ ल्याङ्ग्युएज,* थर्ड इडिसन, क्याम्ब्रिज युनिभरसिटी ।

न्युनान, डेभिड (सन् २०१०), *रिसर्च म्याथोड इन ल्याङ्ग्युएज लर्निङ्ग,* क्याम्ब्रिज युनिभर्सिटी ।

ल्याडो, रबर्ड (सन् १९६५), *ल्याङ्ग्येज टेस्टिङ,* (चौथो संस्क.), लङ्म्यान, ग्रिन एन्ड कम्पनि लिमिटेड ।

लोङ, माइकल एच. एन्ड चारलेन्, जे. सटो (सन् १९८३), ल्कासरुम फोरेनर टक डिस्कोर्सः फर्म एन्ड फक्सन अफ टिचर्स क्वाइसन, इन एच. डब्लु. सेलिगर एन्ड एम. एच. लोङ, इडेट, *ल्कासरुम ओरिन्टेड रिसर्च इन सेकेन्ड ल्याङ्ग्युएज एक्युइजिसन,* (पृपृ. २६८-२८५), नर्वे हाउस ।

वार्डहाउ, रोनाल्ड (सन् २००६), *एन इन्ट्रोडक्सन टु सोसियोलिङ्ग्विस्टिक्स* (पाँचौँ संस्क.) ब्याक्कवेल्स पब्लिसिङ्ग ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् १९९२), *भाषा शिक्षण,* माहेश्वरी वाणी प्रकाशन ।